**कचनकवल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बनियानी, झापा
१ नं. प्रदेश, नेपाल

## आन्तरिक आय ठेक्का बन्दबस्ती सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति : २०७५/०४/०१

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को २ घ, ५९, ६०, ६२ र यस गाउँपालिकाको निर्णयानुसार गाउँपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.ब. २०७५/०७६ को ११ {एघार} महिना का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपशिलमा उल्लेखीत समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य सिलबन्दी दरभाउ पत्र दखिला गर्न यो सूचना प्रकाशित गरिएको ब्यहोरा सम्वन्धित सवैलाई जानकारीका लागि अनुरोध छ ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | विवरण | न्यूनतम ठेक्का अंक रु (बार्षिक) मु.अ.कर. बाहेक | दरभाउ पत्र फारम दस्तुर | दरभाउ पत्र फारम खरिद अन्तिम मिति | दरभाउ पत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | दैनिक अस्थायी हाटबजार सेवा शुल्क | ११०००००/- | १०००/- | २०७५/०४/१५ गते कार्यालय समय सम्म | २०७५/०४/१६ गते दिनको १२:०० बजे सम्म | २०७५/०४/१६ दिनको २:०० बजे |
| २ | जल कर | २२००००/- | ५००/- | २०७५/०४/१५ गते कार्यालय समय सम्म | २०७५/०४/१६ गते दिनको १२:०० बजे सम्म | २०७५/०४/१६ दिनको २:०० बजे |
| ३ | नदिजन्य निकासी ठेक्का | ४५००००/- | ५००/- | २०७५/०४/१५ गते कार्यालय समय सम्म | २०७५/०४/१६ गते दिनको १२:०० बजे सम्म | २०७५/०४/१६ दिनको २:०० बजे |
| ४ | कृषिजन्य उत्पादन निकासी | २०००००/- | ५०० | २०७५/०४/१५ गते कार्यालय समय सम्म | २०७५/०४/१६ गते दिनको १२:०० बजे सम्म | २०७५/०४/१६ दिनको २:०० बजे |
| ५ | पशु मबेसी निकासी | १५००००/- | ३०० | २०७५/०४/१५ गते कार्यालय समय सम्म | २०७५/०४/१६ गते दिनको १२:०० बजे सम्म | २०७५/०४/१६ दिनको २:०० बजे |
| ६ | सडक सवारी कर {पट्के} | ५०००००/- | ५००/- | २०७५/०४/१५ गते कार्यालय समय सम्म | २०७५/०४/१६ गते दिनको १२:०० बजे सम्म | २०७५/०४/१६ दिनको २:०० बजे |

**सर्तहरु :**

१. ईच्छुक दरभाउ पत्र दाताले नागरिकताको प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्र र गत आ.ब.२०७४/०७५ को कर चुक्ता प्रमाणपत्र पेश गर्ा कार्यालयबाट बोलपत्र/ शिलबन्दी दरभाउपत्र फारम खरिद गर्नुपर्ने छ ।
२. दरभाउ पत्र फारममा उल्लेखित कबोल ठेक्का अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको NIC Asia बैङ्क कचनकवल शाखाको धरौ खाता नं. 67CA051019752404 मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउ पत्रसाथ संलग्न राखी पेश गर्नुपर्ने छ । बै ग्यारेन्टीलाई मान्यता दिईने छैन । धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टा छुट्टै समावेश गर्नुपर्ने छ ।
३. ईच्छुक फर्म वा कम्पनीले दरभाउ पत्र फारम खरिद गर्दा अध्यावधिक फर्म नविकरणको प्रतिलिपी, मुल्य अभिवृदी कर दर्ता प्रमाण पत्रव प्रतिलिपी, स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी साथै लिखित निवेदन दिई तोकिएको समय भित्र खरिद गर्न सकिने छ ।
४. दरभाउ पत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुनेगरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा लेखिएको रक फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
५. ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा गा.पा.को निर्णय अन्तिम हुनेछ ।
६. गाउँपालिकालाई रकम बुझाउनुपर्ने बाकी बक्यौता भएमा त्यस्तो रकम नबुझाए सम्म दरभाउपत्र खरिद गर्न पाईने छैन ।
७. ठेक्का नं. १,२,३,४,५,६ को ठेक्का अवधि २०७५ भदौ १ गते देखि २०७६ अषाढ मसान्तसम्म हुनेछ ।
८. ठेक्का स्वीकृत गर्ने / नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
९. सर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र प्रति कारवाही हुने छैन ।
१०. एउटा व्यक्ति वा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फर्म खरिद गर्न दिईनेछ । जसको नाममा फारम खरिद गरिएको हो सोहि व्यवि वा आधिकारिक प्रतिनिधि स्वंम उपस्थित भई पेश गर्नु पर्ने छ ।
११. दरभाउ पत्र फारम खोलिने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट खोलिनेछ।

**अन्य सर्तहरु :**

१. दैनिक अस्थायी हाटबजार सेवा शुल्क सम्वन्धमा : यस गाउँपालिका क्षेत्रका सम्पुर्ण हाट बजारहरु लाग्ने क्षेत्रहरु ।
२. जल कर सम्वन्धमा : ज़मुना खोला, धरधरे, अदुवा खोला , भेलामुनी झिल, उत्रासुर माछापोखरी (१९ बिघा) क्षेत्र